पाठ ६६

१. निस्तार चाडको समयमा किन येहूदीहरू येशूलाई पक्राउ गर्न चाहदैनथे ?
- यदि तिनीहरूले चाडको समयमा येशूलाई पक्राउ गरेभने मानिसहरू हिंस्रक हुनेछन् भनी डराएका थिए ।

२. के येहूदालाई ऊ आफू पापमा जन्मिएको हो र उसलाई उद्धारकर्ताका रूपमा येशू चाहिन्छ भन्ने थाहा थियो ?
- थिएन ।

३. येशूलाई धोका दिने निर्णय गर्न कसले येहूदालाई उकास्यो ?
- शैतान ।

४. शैतान किन येहूदाले येशूलाई धोका दिओस् भन्ने चाहन्थ्यो ?
- किनभने शैतानले येशूलाई घृणा गर्थ्यो ।

५. शैतान येशूलाई किन घृणा गर्छ ?
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू सत्य बोल्नुहुन्छ ।

६. शैतान किन यहूदी अगुवाहरूले येशूको हत्या गरून् भन्ने चाहन्थ्यो ?
- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूलाई हामीलाई बचाउन नसक्नुहोस् भनी चाहन्थ्यो ।
- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूले पाप र मृत्युको शक्ति विनाश गर्न नसक्नुहोस् भनी चाहन्थ्यो ।
- शैतान यहूदी अगुवाहरूले येशूलाई मारून् ताकि येशूले शैतानको शक्ति विनाश गर्न नसक्नुहोस् भनी चाहन्थ्यो ।

७. उद्धारकर्तालाई कसले धोका दिनेछ भनी अगमवक्ताहरूले भनेका थिए ?
- एकजना नजिकको साथीले ।

८. येशूलाई कति पैसामा धोका दिइयो ?
- ३० वटा चाँदीका सिक्कामा ।

९. यहूदाले उहाँलाई धोका दिनेछ भनी उहाँलाई कसरी थाहा भयो ?
- किनभने येशू परमेश्वर हुनुहुन्छ र उहाँलाई थाहा नहुने कुरा केही पनि छैन ।

- येशूले थाहा नपाउने कुरा केही पनि छैन ।

१०.रोटी कसरी येशूको शरीरको प्रतीक हुनसक्थ्यो ?
- जसरी रोटी भाँचिएको थियो त्यसैगरी येशूको शरीर पनि दुष्ट मानिसहरूद्वारा भाँचिनेवाला थियो ।

११. रक्सी कसरी येशूको रगतो प्रतीक हुनसक्थ्यो ?
- जसरी रक्सी पिइनको लागि खन्याइएको थियो त्यसरी नै येशूको रगत पनि खन्याइनेवाला थियो ।

१२. कसको निम्ति उहाँको रगत खन्याइनेवाला थियो भनी येशूले भन्नुभयो ?
- येशूले भन्नुभयो उहाँको रगत धेरै मानिसहरूको निम्ति खन्याइनेवाला थियो ।

- येशू र उहाँका चेलाहरूले जेरुशलेम छोडेर गएपछि उहाँहरू ओलिभ डाँडामा रहेको गेतशमनी बगैंचामा जानुभयो ।

- आउनुस् मर्कूस १४:३२-३६ पद पढौं ।

[32]येशू अनि उहाँका चेलाहरू गेतसमनी नाऊँ भएको एउटा ठाउँमा जानुभयो, र उहाँले आफ्ना चेलाहरूलाई
भन्नुभयो, "मैले प्रार्थना गरून्जेल यहाँ बस।" [33]येशूले पत्रुस, याकूब र यूहन्नालाई आफूसँग लैजानभयो।
त्यसपछि उहाँ अत्यन्त दुःखी र खिन्न हुनुभयो। [34]उहाँले पत्रुस, याकूब र यूहन्नालाई भन्नुभयो, "मेरो आत्मा
दुःखै-दुःखले भरिन लागेको छ। मलाई यहीं पर्ख अनि सर्तक बस।" [35]अनि येशू तिनीहरू भएदेखि केही
परसम्म जानुभयो र त्यसपछि भूइँमा लड्नु भयो अनि प्रार्थना गर्नुभयो कि यदि सम्भव भएमा यही बेला
उहाँको कष्टका घडी उहाँबाट बितेर जाओस्। [36]उहाँले प्रार्थना गर्नुभयो, " *अब्बा,* पिता सबै कुराहरू तपाईंमा
सम्भव छ। कृपया मबाट यो कचौरा हटाईदिनुहोस्। तर मेरो इच्छा बमोजिम होइन, तर तपाई जे जस्तो
चाहनुहुन्छ त्यही गर्नुहोस्।"

- गेतशमनी बगैंचामा येशूले प्रार्थना गर्न शुरू गर्नुभयो किनभने उहाँ गहिरो शोकमा हुनुहुन्थ्यो ।

- येशू किन गहिरो शोकमा हुनुहुन्थ्यो ?

- किनभने येशूलाई उहाँले धेरै सतावट भोग्नुपर्नेछ भनी थाहा थियो ।

- किनभने येशूलाई उहाँको सामुन्ने आउनलागिरहेको सतावट अहिलेसम्म अरू कसैले भोगेको सतावट भन्दा धेरै कठिन छ भन्ने थाहा थियो ।

- यद्यपि येशू पूर्ण परमेश्वर हुनुहुन्थ्यो तर उहाँ पूर्ण मानव पनि हुनुहुन्थ्यो ।

- उहाँको सामुन्ने आउन लागेको कठिन अवस्थालाई सामना गर्नु येशूलाई धेरै गाह्रो हुनेवाला थियो ।

- आउनुस् मर्कूस १४:३७-४२ पद पढौं ।

३७तब येशू आफ्ना चेलाहरू भएको ठाउँमा फर्की आउनुभयो। उहाँले तिनीहरूलाई सुतिरहेको पाउनु भयो।
उहाँले पत्रुसलाई भन्नुभयो, “सिमोन, तिमी सुतिरहेका छौ?के मेरो निम्ति एकघण्टासम्म पनि जागा रहन
सक्तैनौ ३८ जागा रहो, अनि प्रार्थना गर, जसमा कि तिमी प्रलोभनमा पर्ने छैनौ। आत्मा राजी छ तर शरीर
कमजोर छ।” ३९ फेरि येशू केही परसम्म जानुभयो अनि त्यही प्रार्थना गर्नूभयो। ४० फेरि उहाँ आफ्ना चेलाहरू
भएको ठाउँमा फर्कनु भयो। उहाँले तिनी हरूलाई सुतिरहेकै पाउनुभयो। तिनीहरूका आँखाहरू थकित
देखिन्थे। तिनीहरूले जान्दैन थिए कि येशूलाई के भन्नु पर्ने हो। ४१येशूले तेस्रो पटक प्रार्थना गरिसकेपछि,
उहाँ आफ्ना चेलाहरू भएको ठाउँमा आउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “के तिमीहरू अझै सुतिरहेको
अनि विश्राम गरिरहेका छौ अति भयो! मानिसको पुत्रलाई पापी मानिसहरूको हातमा सुम्पिने समय
आइपुग्यो। ४२ उठ! हामी जानैपर्छ। यहाँ त्यो एकजना आउँदैछ जसले मलाई विश्वासघात गर्नेछ।”

- येशूले गेतशमनी बगैँचामा प्रार्थना गरिसक्नुभएपछि तरवारसहित मानिसको भीड आयो ।

मर्कूस १४:४३-४६ पद पढौं ।

४३जब येशू बोलिरहेको हुनुहुन्थ्यो, यहूदा त्यहाँ आइपुगे। यहूदा बाह्रजना चेलाहरू मध्ये एकजना थियो।
यहूदासँग थुप्रै मानिसहरू थिए। ती मानिसहरूलाई मुख्य पूजाहारीहरू, शास्त्रीहरू र यहूदी अग्रजहरूले
पठाएका थिए। ती मानिसहरूका साथमा तरवार र घोंचाहरू थिए। ४४ यहूदाले उनीहरूलाई यो संकेत दिएका
थिए। “म जुन मानिसलाई म्वाईं खान्छु उही नै येशू हुन्। उनैलाई पक्रनु र उसलाई लानु अनि रक्षा गर्नु।”
४५ यहूदा आउन साथ येशू कहाँ गयो अनि भन्यो, “गुरूज्यू!” त्यसपछि उसले उहाँलाई म्वाईं खाए। ४६ तब
मानिसहरूले झम्टेर येशूलाई पक्रे।

- तरबार र हातहतियारहित आएका मानिसहरूको भीडलाई कसले अगुवाइ गरिरहेको थियो ?
- यहूदाले ।

- यहूदा र मानिसहरूको भीड किन आयो ?

- येशूलाई पक्राउ गर्न ।

- येशूलाई पक्राउ गर्न यहूदालाई कसले उक्साइरहेको थियो ।

- शैतानले ।

- शैतानले आज कसलै अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले परमेश्वरको विरुद्धमा पाप गरिरहेको छैन भनी विश्वास गर्छन् ती सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले पापको दण्ड परमेश्वर दिनुहुनेछैन भनी ठान्छन् तिनीहरू सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले आफ्ना असल कामहरूले परमेश्वरसम्म पुग्न सकिन्छ भनी ठान्छन् तिनीहरू सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले आफूले आफैलाई बचाउन सक्छौं ठान्छन् तिनीहरू सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले परमेश्वरको वचन सुन्न इन्कार गर्छन् तिनीहरू सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- ती सबै मानिसहरू जसले येशूलाई उद्धारकर्ता प्रभु भनेर मान्न इन्कार गर्छन् ती सबैलाई शैतानले अगुवाइ गरिरहेको छ ।

- यहूदाले कसरी येशूलाई धोका दियो ?
- म्वाइँ खाएर

- जब यहूदाले येशूलाई म्वाइँ खायो अनि मानिसहरूले येशूलाई घेरे र उहाँलाई पक्राउ गरे ।

आउनुस् मर्कूस १४:४७-४९ पद पढौं ।

[४७]कुनै एकजना उभिरहेको चेलाले आफ्नो तरवार निकाल्यो अनि त्यसले प्रधान पूजाहारीको एउटा नोकरलाई हान्यो र उसको कान काटिदियो।

४८तब येशूले मानिसहरूलाई भन्नुभयो, “तिमीहरू तरवार र घोचाँहरू लिएर म कहाँ, एक अपराधी झैं मानेर
आएको छौ? ४९प्रत्येकदिन म मन्दिर इलाकामा तिमीहरूसित सिकाइरहेको थिएँ। त्यहाँ तिमीहरूले मलाई
पक्रेनौ। तर धर्मशास्त्रमा लेखिएका कुराहरू पूरा हुनै पर्छ।”

- येशूले धर्मशास्त्रको वचन पूरा हुनै पर्छ भनी के भन्न खोज्नुभएको हो ?

- परमेश्वरले उहाँका अगमवक्ताहरूद्वारा धैरै वर्ष पहिले उहाँको पुस्तकमा भन्नुभएका वचनहरू पूरा हुनुपर्छ भनी यशूले भन्नुभएको हो ।

आउनुस् मर्कूस १४:५० पद पढौं ।

त्यसपछि सबै चेलाहरूले उहाँलाई छोडेर भागे ।

- येशूका सबै चेलाहरू किन भागे ?

- चेलाहरू डराएका थिए र येशू के कारणले पक्राउ पर्नुभएको हो भनी बुझेका थिएनन् ।

- चेलाहरूले नबुझेको कुरा के थियो ?

- चेलाहरूले नबुझेको कुरा के थियो भने यदि येशू पक्राउ पर्नुहुन्छ र मारिनुहुन्छ भने उहाँ कसरी उद्धारकर्ता हुनुहन्छ ।

- चेलाहरूले नबुझेको कुरा के थियो भने यदि येशू स्वयम मर्नुहुन्छ भने उहाँले तिनीहरूलाई कसरी बचाउन सक्नुहन्छ ।

- येशूलाई पक्राउ गर्ने मानिसहरूले उहाँलाई कहाँ लिएर गए ?

आउनुस् मर्कूस १४:५३-५४ पद पढौं ।

येशूलाई पक्रने मानिसहरूले उहाँ लाई प्रधान पूजाहारीको घरमा पुर्याए त्यहाँ सबै मुख्य पूजाहारीहरू, यहूदी
बूढा प्रधानहरू र शास्त्रीहरू भेला भए। 54पत्रुसले येशूलाई पछ्याउँदै थियो, तर उ उहाँका त्यत्ति नजिक
थिएन। पत्रूसले येशूलाई प्रधान पूजाहारीको घरको चौक नपुगे सम्म पछ्याए। त्यो त्यहाँ रक्षक साथ
बसिरहेको थियो अनि आगो ताप्दै थियो।

- येशूलाई पक्राउ गर्ने मानिसहरूले उहाँलाई प्रधान पूजारीकहाँ लिएर गए ।

- पत्रुसले उहाँलाई अलिक टाढाबाट पिछा गरे तर तिनी आफू पक्राउ पर्छु र मारिन्छु कि भनी डराएका थिए ।

- जब येशूलाई प्रधान पूजारीकहाँ ल्याइयो तब सबै पूजारीहरू र यहूदी अगुवाहरू येशूको न्याय गर्न त्यहाँ भेला भए ।

आउनुस् मर्कूस १४:५५ पद पढौं ।

मुख्य पूजाहारीहरू, र पूरा यहूदी महासभाले येशूलाई मार्नका निम्ति येशू विरुद्ध झूटो प्रमाण खोजिरहेका थिए। तर तिनीहरूले कुनै त्यस्तो प्रमाण पाएनन्।

- यहूदी अगुवाहरू किन येशूमा केही पनि दोष भेट्टाउन सकिरहेका थिएनन् ?

- किनभने येशूले कुनै खराबी गर्नुभएकै थिएन ।

- किनभने येशूले पाप गर्नुभएको थिएन ।

- अरू मानिसहरूले येशूको विरुद्धमा गवाही दिए तर तिनीहरूको गवाही झूठो थियो ।

आउनुस् मर्कूस १४:५६-५९ पद पढौं ।

[५६]अनेकौं मानिसहरू आए अनि येशूको विरूद्ध झूटो आरोपहरू लगाए। तर ती प्रमाणहरू एक अर्कामा मिल्दैनथ्यो। [५७]त्यसपछि केही मानिसहरू उठे, अनि येशूको विरूद्धमा झूटो साक्षी दिए। तिनीहरूले भने, [५८]"हामीहरूले यस मानिसले भनेका सुनेका छौं, 'मानिसहरूले बनाएको मन्दिर म ध्वंस गरिदिनेछु। त्यसको तीन दिनमा, म अर्को मंन्दिर बनाइदिनेछु जुन मन्दिर मानिसहरूले बनाएको हुँदैन।" [५९]तर यी मानिसहरूले भनेका कुरामा पनि कोही सहमत हुने भएनन्।

- यद्यपि धैरै साक्षीहरूले झूठो बयान येशूको विरुद्धमा दिए तर पनि यहूदी अगुवाहरू येशूको विरुद्धमा कुनै गलत प्रमाण जुटाउन सकिरहेका थिएनन् ।

- परमेश्वरले धैरै वर्ष पहिले उहाँका अगमवक्ताहरूद्वारा भन्नुभएजस्तै उद्धारकर्ताको विरुद्ध धैरै झूठा गवाही दिइरहेक थिए ।

- त्यसपछि प्रधान पूजारी उठे र येशूसँग कुरा गरे ।

- आउनुस् मर्कूस १४:६०-६२ पद पढौं ।

[६०]त्यसपछि प्रधान पूजाहारी सबै मानिसहरूको अघि खडा भए, अनि येशूलाई भन्नलागे, "यी मानिसहरूले तपाईंको विरुद्धमा धेरै बोले। आफ्नो विरूद्धमा आएको यस्तो आरोपहरूको विरुद्धमा तपाईंको भन्नु पर्ने केही छ? के यी मानिसहरूले साँच्चो कुराहरू गरिरहेका छन्?" [61]तर येशू चुप चाप बस्नु भयो। उहाँले कुनै उत्तर दिनु भएन। प्रधान पूजाहारीले उहाँलाई फेरि अर्को प्रश्न गरेः "के तपाईं परमधन्य परमेश्वरको पुत्र, ख्रीष्ट नै हुनुहुन्छ?" [62]येशूले जवाफ दिनुभयो, "हो, म नै परमेश्वरको पुत्र हुँ। तिमीहरूले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने पट्टि बसेर स्वर्गको बादलसित आउँदै गरेको देख्नेछौ।

- जब मानिसहरूले येशूको विरुद्धमा झूठो गवाही दिइरहेका थिए उहाँ चुप रहनुभयो र प्रतिवाद गर्नुभएन ।

- येशूले किन जवाफ दिनुभएन ?

- येशूलाई पिता परमेश्वरले उहाँलाई अगुवाइ गर्नुहुनेछ भनी थाहा थियो ।

- जे कुरा आफूमाथि हुन गइरहेको छ त्यो सबै पिता परमेश्वरले नियन्त्रण गरिरहनुभएको छ भनी येशूलाई थाहा थियो ।

- त्यसपछि जब प्रधान पूजारीले येशूसँग कुरा गरे र के उहाँ ख्रीष्ट, परमेश्वरका पुत्र हुनुहुन्छ भनी सोधे तब येशूले के जवाफ दिनुभयो ?

- येशूले हो म हुँ भनी जवाफ दिनुभयो ।

- येशूले यो पनि भन्नुभयो कि तिमीहरूले मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि बसिरहेको र बादलको स्वर्गमा आइरहेको देख्नेछौ ।

- जब येशू पहिलोचोटि पृथ्वीमा आउनुभयो उहाँ उद्धारकर्ता परमेश्वरको रूपमा मानिसहरूलाई बचाउन आउनुभयो ।

- येशू जब पृथ्वीमा फेरि आउनुहुनेछ त्यस बखत सबैले उहाँलाई पिता परमेश्वरको दाहिनेपट्टि बसेको देख्नेछन् ।

- जब येशू पृथ्वीमा फेरि आउनुहुनेछ सबैले उहाँ परमेश्वर हुनुहुन्छ भनी देख्नेछन् ।

- जब प्रधान पूजारीले जब येशूको कुरा सुने त्यसपछि तिनले के गरे ?

आउनुस् मर्कूस १४:६३-६४ पद पढौं ।

[63] जब प्रधान पूजाहारीले यो कुरा सुने, उनी खूबै रिसाए। उनले आफ्नो वस्त्र च्यातै र भने, "हामीलाई अब अरू धैरै गवाहीहरूको आवश्यकता छ र? [64] तिमीहरू सबैले यो मानिसले परमेश्वरको निन्दा गरेको सुन्यो। तिमीहरूको के निर्णय छ?" सबैले येशूलाई भुल गरेको ठहराए। अनि मार्नू पर्छ भने।

- प्रधान पूजारीले किन उसका लुगा च्यात्यो ?
- जब यहूदीहरू धैरै रिसाउथे वा भड्किन्थे तब तिनीहरू आफ्ना आङ्गका लुगा च्यात्थे ।

- प्रधान् पूजारी येशूसँग धैरै रिसाएको थियो त्यसैले उसले आफ्ना लुगा च्यात्यो ।

- प्रधान पूजारी किन येशूसँग रिसाएको थियो ?

- किनभने येशूले उहाँ परमेश्वर हुँ भन्नुभएको थियो ।

- किन प्रधान पूजारीले येशू मारिनै पर्छ भन्यो ?

- प्रधान् पूजारीले भन्यो कि येशूले परमेश्वरलाई सराप्नु भएको छ ।

- के येशूले परमेश्वरलाई सराप्नु भएको हो ?

- होइन् ।

- येशूले त केवल उहाँ परमेश्वर हुँ भनीरहुनुभएको थियो ।

आउनुस् मर्कूस १४:६५ पद पढौं ।

[65] त्यहाँ भएका कतिजनाले येशूलाई थुके। तिनीहरूले येशूको अनुहार छोपिदिए अनि उहाँलाई हिर्काए। तिनीहरूले भने, "तपाईं अगमक्ता हो भनेर हामीलाई देखाउनुहोस्।" त्यसपछि पहरादारहरूले उहाँलाई लगे र कुटे।

- परमेश्वरले धैरै वर्ष पहिले अगमवक्ताहरूमार्फत भन्नुभएजस्तै उद्धारकर्ता पिटिनु र थुकिनुभयो ।

- प्रधान पूजारी र यहूदी अगुवाहरूले त्यसपछि येशू मारिनुपर्छ भनी उहाँको निन्दा गरे ।